apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




वामपन्थी दल: सत्तामा हुँदा फुट, संकट परेपछि जुट !

समाचार पृष्ठ २

● वर्ष: १२ ● अंक: १६२ ● पृष्ठ: ४ ● १५ असार २०८३ सोमबार (29 June 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# सिरहाका पत्रकारलाई आचारसंहिता तथा भाषा-शैलीसम्बन्धी अभिमुखीकरण

**अपन दैनिक ब्यूरो**
**सिरहा, असार १४ गते**




पत्रकारिताको विश्वसनीयता, व्यावसायिकता र सामाजिक उत्तरदायित्वलाई थप सुदृढ बनाउने उद्देश्यले ...विश्वसनीय, मर्यादित र व्यावसायिक पत्रकारिता प्रवर्द्धनका लागि आचारसंहिता तथा भाषा-शैलीसम्बन्धी अभिमुखीकरण' कार्यक्रम सिरहामा सम्पन्न भएको छ।

मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा तथा नेपाल पत्रकार महासंघ सिरहा शाखाको समन्वयमा आयोजित कार्यक्रममा मधेश प्रदेश सभा सदस्य राजेन्द्र चौधरीले पत्रकारिताले समाजलाई विभाजित गर्ने होइन, सत्य, निष्पक्षता र सामाजिक उत्तरदायित्वमार्फत एकताबद्ध तथा सचेत बनाउने भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन्। सञ्चारमाध्यम लोकतन्त्रको महत्वपूर्ण आधार भएकाले पत्रकारले तथ्यमा आधारित, सन्तुलित, मर्यादित र जिम्मेवार पत्रकारितालाई आत्मसात गर्नुपर्ने उद्घाटन शत्रमा उनले बताए। सत्य र निष्पक्ष पत्रकारिताले लोकतान्त्रिक मूल्य-मान्यता सुदृढ गर्नुका साथै समाजमा सद्भाव, सहिष्णुता र सकारात्मक सोच प्रवर्द्धन गर्ने प्रदेश सांसद चौधरीको भनाई रहेको थियो।

सो कार्यक्रममा वरिष्ठ पत्रकार धर्मेन्द्र झाले पत्रकारिताको आचारसंहिता, जिम्मेवार सञ्चार, समाचार लेखनमा भाषा र शैलीको प्रयोग, तथ्यपरकता, स्रोतको विश्वसनीयता तथा व्यावसायिक मर्यादालगायत विषयमा प्रशिक्षण दिएका थिए। उनले पत्रकारितामा भाषिक शुद्धता, सन्तुलित प्रस्तुति, तथ्यको पुष्टि र नैतिक आचरणले सञ्चारमाध्यमप्रतिको जनविश्वास कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने बताए। मधेश प्रदेश मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष वन्दना कुमारी झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज कुमार बनैता, महिला उपाध्यक्ष उषा यादव, कोषाध्यक्ष तथा अपन दैनिक पत्रिकाका प्रकाशक-सम्पादक एवं एभिन्यूज टेलिभिजनका सिरहा जिल्ला संवाददाता शुभ नारायण कामती सहित जिल्लामा कार्यरत विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

अभिमुखीकरणमा सहभागीहरूले पत्रकारिताको विश्वसनीयता अभिवृद्धि, व्यावसायिक क्षमता विकास, आचारसंहिताको प्रभावकारी कार्यान्वयन, तथ्यमा आधारित समाचार सम्प्रेषण तथा बदलिँदो सञ्चार परिवेशमा जिम्मेवार पत्रकारिताको आवश्यकता सम्बन्धमा

बाँकी पृष्ठ ३

# संघीयता कार्यान्वयन : उद्योग दर्ता र नवीकरण प्रदेशबाटै

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १४ गते**

मधेश प्रदेश सरकारले प्रदेशका २५ करोड रुपैयाँसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमनलगायत सेवा प्रदेशभित्रै कार्यान्वयन गर्नेभएको छ।

संघीय सरकारले २५ करोड रुपैयाँसम्म स्थिर पुँजी भएका स्वदेशी

बाँकी पृष्ठ ४

# सिरहाबाट ११ ग्राम ६७० मिलिग्राम ब्राउन सुगरसहित ४ जना प्रहरी नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १४ गते**

सिरहा प्रहरीले ११ ग्राम ६७० मिलिग्राम प्रतिवन्धित लागु पदार्थ ब्राउन सुगरसहित ४ जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय सिरहा र सशस्त्र प्रहरी बल, सीमा सुरक्षा गुल्म हेड क्वाटर माटरबाट खटिएको संयुक्त प्रहरी टोलिले भारतबाट नेपालतर्फ मोटरसाइकलमा ल्याउँदै गरेको अवस्थामा सिरहा नगरपालिका १५ बुधौराबाट उनीहरुलाई उक्त परीमाणको ब्राउन सुगरसहित नियन्त्रणमा लिएको हो।



भारतबाट नेपाल तर्फ आउँदै गरेको बा. ५३ प ६६४० नम्वरको मोटरसाइकलमा संकालागि चेकजाँच गर्दा मोटरसाइकलका चालक सिन्धुलिको कमलामाई नगरपालिका ९ का २९ वर्षिय बाबुराम वि.क. र सोही नगरपालिका ४ का २४

बाँकी पृष्ठ २

# जानकी प्लास्टिक उद्योगमा छापा, रातारात गायब पारियो नक्कली पाइप

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १४ गते**




मार्वल ब्रान्डको नाम र ट्रेडमार्क दुरुपयोग गरी नक्कली बोरवेल पाइप उत्पादन तथा बिक्री गरेको आरोपमा प्रहरीले धनुषाको लक्ष्मीनिया गाउँपालिका-स्थित जानकी प्लास्टिक उद्योगमा छापा मारेको छ। सिरहाबाट बरामद भएका नक्कली पाइपको स्रोत खोज्दै पुगेको प्रहरी टोलीले उद्योगमा छापा मारे पनि थोरै मात्रामा मात्रै शंकास्पद पाइप फेला पारेको छ।

छापा मारिने सूचना पाएपछि उद्योगबाट रातारात पाइप गायब पारिएको अनुमान छ। जिल्ला प्रहरी कार्यालय सिरहाको विशेष टोलीले शनिबार गोलबजार नगरपालिका-४ स्थित नेहाल आइरन स्टोरमा छापा मारेर मार्वल कम्पनीको नाम र लोगो अंकित ६ सय ३२ थान विभिन्न साइजका बोरवेल पाइप बरामद गरेको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा ती पाइप मार्वल कम्पनीका आधिकारिक उत्पादन नभएको कम्पनीका प्रतिनिधिले जनाएपछि प्रहरीले ती नक्कली पाइप उत्पादन गर्ने उद्योगको खोजी गरेको थियो।

नेहाल आइरन स्टोरका सञ्चालक ४५ वर्षीय महम्मद साबिर खानलाई शनिबार नै नियन्त्रणमा लिएर सोधपुछ गर्दा उनले उक्त पाइप धनुषाको जानकी प्लास्टिक उद्योगबाट खरिद गरेको बयान दिएका थिए। त्यसपछि शनिबार साँझ नै प्रहरी टोली जानकी प्लास्टिक उद्योग पुगेको थियो। तर उद्योगमा गरिएको खानतलासीका क्रममा प्रहरीले अपेक्षाभन्दा थोरै परिमाणमा नक्कली पाइप बरामद गरेको थियो। श्रोतका अनुसार उद्योग परिसरमा रहेका अन्य पाइप छापाको जानकारी पाएलगत्तै अन्यत्र सारिएको हुन सक्ने आशंका गरिएको छ।

सिरहा प्रहरी उपरीक्षक बासुदेव पाठकले उद्योगमा छापा मार्दा सीमित परिमाणमा मात्रै पाइप बरामद भएको पुष्टि गर्दै अनुसन्धान अझै जारी रहेको बताए। 'हामीले उद्योगमा छापामारी गर्दा केही मात्रामा मात्रै शंकास्पद पाइप बरामद गरेका छौं। उद्योग सञ्चालक पक्ष सम्पर्कमा छैनन्। उहाँहरूको खोजी भइरहेको छ। घटनासँग सम्बन्धित सबै पक्षको अनुसन्धान भइरहेको छ र प्रमाणका आधारमा कानुनबमोजिम कारबाही अघि बढाइन्छ,' उपरीक्षक

बाँकी पृष्ठ ३

# मधेश प्रदेशका अधिकांश पालिका समयमै बजेट ल्याउन असफल

**अपन दैनिक संवाददाता**
**सिरहा, असार १४ गते**




आगामी आर्थिक वर्ष २०८३-८४ को बजेट प्रस्तुत गर्ने कानुनी समयसीमा सकिँदासम्म पनि मधेश प्रदेशका अधिकांश पालिकाले बजेट ल्याउन नसक्दा प्रदेशका स्थानीय तहहरू विगतका वर्षहरूजस्तै यसपटक पनि विवाद र अन्योलको केन्द्रमा परेका छन्। देशभर बजेट प्रस्तुत गर्न नसकेका २८ स्थानीय तहमध्ये उल्लेख्य संख्यामा मधेश प्रदेशका रहेका छन्।

तोकिएको समयमा बजेट नल्याउँदा प्रदेशका स्थानीय तहमा राजनीतिक असमझदारी, प्रशासनिक अस्थिरता र वित्तीय व्यवस्थापनसम्बन्धी समस्या अझै कायम रहेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले १० असारभित्र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सम्बन्धित नगरसभामा पेस गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। यसको उद्देश्य १ साउनदेखि विकास योजना, सेवा प्रवाह र प्रशासनिक कामकारबाही कुनै अवरोधबिना सञ्चालन गर्न सकियोस् भन्ने हो। तर, मधेशका केही पालिकामा नगरसभा नै बस्न नसक्दा कानुनले तोकेको समयसीमा उल्लंघन भएको छ।

नेपाल नगरपालिका संघका अनुसार देशभरका ७५३ स्थानीय तहमध्ये ७२५ ले असार १० गतेभित्र बजेट प्रस्तुत गरेका छन् भने २८ स्थानीय तह अझै बजेट ल्याउन असफल भएका छन्। तीमध्ये २९३ नगरपालिकामध्ये २७९ र ४६० गाउँपालिकामध्ये ४४६ वटाले समयमै बजेट ल्याएका छन्। गत आर्थिक वर्षमा करिब ५० स्थानीय तहले समयमै बजेट ल्याउन नसकेकोमा यस वर्ष संख्या घटे पनि मधेश प्रदेशका पालिकामा समस्या भने कायम देखिएको छ।

मधेश प्रदेशमा बजेट प्रस्तुत गर्न नसकेका नगरपालिकामा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, कमला नगरपालिका र विदेह

बाँकी पृष्ठ ४







अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### नक्कली सामग्रीको बिगबिगी रोक

सिरहा जिल्लामा नक्कली तथा गुणस्तरहीन सामग्रीको बिक्री-वितरण दिनप्रतिदिन गम्भीर समस्याका रूपमा देखिन थालेको छ। पछिल्लो पटक गोलबजारमा प्रहरीले छापा मारेर कथित रूपमा एक कम्पनीको नाममा बोरवेल पाइप बिक्री-वितरण भइरहेको आरोपमा एक हार्डवेयर व्यवसायीलाई पक्राउ गरेपछि यो समस्या फेरि सार्वजनिक बहसको विषय बनेको छ। तर यो कुनै एक व्यवसायी वा एक घटनामा सीमित विषय होइन। गाउँदेखि बजारसम्म निर्माण सामग्री, विद्युतीय सामग्री, कृषि सामग्रीदेखि दैनिक उपभोग्य वस्तुसम्म नक्कली तथा कमसल सामानको कारोबार फैलिएको गुनासो लामो समयदेखि उठ्दै आएको छ। उपभोक्ताले विश्वासका आधारमा नाम चलेका कम्पनीका सामग्री खरिद गर्छन्। तर त्यही विश्वासलाई दुरुपयोग गर्दै नक्कली ब्रान्ड, नक्कली लेबल वा गुणस्तरहीन सामग्रीलाई असली भन्दै बेच्ने प्रवृत्तिले उपभोक्तामाथि प्रत्यक्ष ठगी भइरहेको छ। यसले उपभोक्ताको आर्थिक क्षति मात्र होइन, निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर कमजोर हुँदा मानव जीवनसमेत जोखिममा पर्न सक्छ। कमजोर पाइप, सिमेन्ट, रड वा अन्य निर्माण सामग्रीले दीर्घकालीन रूपमा ठूलो दुर्घटना निम्त्याउने सम्भावना रहन्छ।

यस्तो अवस्था सिर्जना हुनुमा सम्बन्धित निकायको कमजोर बजार अनुगमन पनि उत्तिकै जिम्मेवार देखिन्छ। कहिलेकाहीँ हुने छापामार कारबाहीले केही घटना उजागर गरे पनि त्यसले समस्या समाधान गर्दैन। नियमित, प्रभावकारी र निष्पक्ष बजार अनुगमन नहुँदा नक्कली सामग्री बेच्नेहरू थप हौसिएका छन्। कारबाहीको डर कम भएपछि उपभोक्ताको विश्वासमाथि खेलबाड गर्ने प्रवृत्ति मौलाउँदै गएको छ। बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गर्न पनि नक्कली सामग्रीमाथि कडाइ आवश्यक छ। गुणस्तरीय सामग्री बिक्री गर्ने इमानदार व्यवसायीहरू पनि नक्कली सामानका कारण अन्यायमा परिरहेका छन्। कम मूल्यमा नक्कली सामग्री बिक्री हुँदा वास्तविक व्यवसायीको व्यापार प्रभावित हुन्छ भने उपभोक्ताले पनि गुणस्तरको सही मूल्यांकन गर्न सक्दैनन्। यसले समग्र बजार प्रणालीलाई विकृत बनाउँछ।

अब जिल्ला प्रशासन, प्रहरी, स्थानीय तह, वाणिज्य तथा आपूर्ति सम्बन्धी निकाय र उपभोक्ता अधिकारसँग सम्बन्धित संस्थाहरूले संयुक्त रूपमा नियमित बजार अनुगमन गर्नुपर्छ। कम्पनीका आधिकारिक वितरकको पहिचान, उत्पादनको प्रमाणिकता परीक्षण, बिल अनिवार्य गर्ने व्यवस्था र दोषीमाथि कानुनबमोजिम कडा कारबाही गरिनुपर्छ। साथै उपभोक्तालाई पनि बिल लिएर सामान खरिद गर्ने, शंकास्पद सामग्रीबारे सम्बन्धित निकायमा जानकारी गराउने र सचेत रहने संस्कृतिको विकास आवश्यक छ। सिरहामा देखिएको नक्कली सामग्रीको समस्या कुनै सामान्य व्यापारिक अनियमितता मात्र होइन, यो उपभोक्ता अधिकार, सार्वजनिक सुरक्षा र सुशासनसँग जोडिएको विषय हो। केही समयको कारबाहीले मात्र होइन, निरन्तर निगरानी, प्रभावकारी नियमन र कडा कानुनी कार्यान्वयनबाट मात्रै यस्ता गतिविधि नियन्त्रण गर्न सकिन्छ। उपभोक्तालाई गुणस्तरीय सामान उपलब्ध गराउनु राज्यको दायित्व हो भने इमानदार व्यापार गर्नु व्यवसायीको कर्तव्य हो। कुनै पनि कम्पनीको नाम दुरुपयोग गरेर उपभोक्तालाई ठग्ने छुट कसैलाई हुनु हुँदैन। त्यसैले सिरहामा नियमित बजार अनुगमनलाई अभियानकै रूपमा सञ्चालन गर्नु आजको आवश्यकता हो।

### सिरहाबाट ११ ग्राम ६७० मिलिग्राम ब्राउन .........

वर्षिय समिर थापालाई ११ ग्राम ३७ मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए।

प्रहरीले खानतलासीको क्रममा प्लाष्टिकमा पोकापारी मोटरसाइकलको चेनकोभरमा लुकाई राखेको अवस्थामा फेला परेको जनाएको छ।

त्यसैगरी, सोही स्थानमा अर्को स. ७ प १५७ नम्वरको मोटरसाइकल चेकजाँच गर्दा ६०० मिलिग्राम ब्राउन सुगरसहित सिरहा नगरपालिका १६ माडरका २० वर्षिय सन्तोष मुखिएका र अर्का एक किशोरलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

खनतलासको क्रमम प्लास्टिकमा पोकोपारी मुखमा लुकाएको अवस्थामा उक्त ब्राउन सुगर फेला परेको प्रहरीको भनाई छ।

नियन्त्रणमा लिएका उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ।

# वामपन्थी दलः
# सत्तामा हुँदा फुट, संकट परेपछि जुट !



गत फागुन २१ को आम निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ नजिकको जनमतसहित शक्तिशाली सरकार बनाएपछि परम्परागत राजनीतिक दलहरू अस्तित्वको संकटमा पुगेका छन्।

सधैं सत्ताको केन्द्रमा रहने वामपन्थी शक्तिहरू यतिबेला जनताको जनादेशबाट किनारा लागेपछि अत्तालिएका छन्। सत्ता र पदमा हुँदा सामान्य स्वार्थमा फुट्ने र एकअर्कालाई सिध्याउन उद्यत रहने पुराना कम्युनिस्ट पार्टीहरूसहितका दलहरू, अहिले सत्ता गुमेपछि प्रतिगमनलाई पराजित गर्ने नारासहित एकताबद्ध हुने निष्कर्षमा पुगेका छन्।

रास्वपा नेतृत्वको वर्तमान सरकारले भ्रष्टाचार, सुशासन र सम्पत्ति शुद्धीकरणको मुद्दालाई निर्मम रूपमा अघि बढाएपछि पुराना दलका शीर्ष नेता, कार्यकर्ता र उनीहरूनिकट व्यवसायीहरू धमाधम पक्राउ परिरहेका छन्।

सरकारले हालै मात्र नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेललाई पक्राउ गरेको थियो। त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) निकट मानिएका चर्चित व्यवसायी अजय सुमार्गीको राहदानी रोक्का गरिएको छ। कांग्रेस नेतृ एवं पूर्वपरराष्ट्रमन्त्री आरजु राणामाथि पनि सरकारको नजर छ।

आफ्ना अति निकटस्थहरू सीधै छानबिन र कारबाहीको दायरामा परेपछि पुराना दलका नेताहरू सशंकित बनेका छन्। यही त्रास र संकटको जगमा नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपाली कांग्रेस र मधेशवादी दलहरू सरकारविरुद्ध संयुक्त सडक मोर्चा बनाउने तयारीमा जुटेका छन्।

यसै सन्दर्भमा, सरकारविरुद्ध एकजुट हुन बाध्य भएका दलका नेताहरूको दौडधुप तीव्र बनेको छ। नेकपाका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालले मोर्चाबन्दीको गृहकार्य स्वरूप नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालासँग विराटनगरस्थित उनकै निवासमा शुक्रबार करिब ४५ मिनेट लामो गहन छलफल गरेका थिए।

नेकपा कोसी प्रदेशले शुक्रबार विराटनगरमा आयोजना गरेको बैठक तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा संयोजक दाहालले सरकारविरुद्ध पुराना दलहरूले संयुक्त मोर्चा बनाउने तयारी थालेको औपचारिक रूपमै खुलासा गरेका थिए।

'सरकारविरुद्ध लड्न सबै दलका नेता संयुक्त मोर्चाबन्दीका लागि सकारात्मक हुनुहुन्छ,' संयोजक दाहालले कार्यकर्तामाझ भनेका थिए, 'आजै नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालासँग विराटनगरस्थित उहाँकै निवासमा पुगेर सरकारविरुद्ध संयुक्त मोर्चाबन्दी गर्ने विषयमा छलफल भएको छ।'

यति मात्र होइन, संयोजक दाहालले जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवलगायत मधेशवादी दलका नेताहरूसँग पनि नियमित छलफल भइरहेको बताएका छन्।

उनले आगामी दिनमा एमालेसँग सडक, संसद्, प्रदेश र स्थानीय तहको निर्वाचनमा कसिलो सहकार्य हुने घोषणासमेत गरे। साना कम्युनिस्ट पार्टीहरूसँग एकता गर्ने र वामपन्थी शक्तिलाई एकीकृत गर्ने रणनीतिमा आफूहरू रहेको उनको दाबी थियो।

पार्टी नेतृत्वमा सधैं टाँसिएको र पुस्तान्तरण गर्न नचाहेको भन्ने चौतर्फी आरोपको खण्डन गर्दै दाहालले आगामी एकता महाधिवेशनबाट 'क्रमभंगता' हुने दाबी समेत गरेका थिए।

'नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरी नयाँ पार्टी बनाउने रणनीति नेतृत्वले तयार पारिरहेको छ,' कार्यकर्तालाई ढाडस दिँदै उनले भनेका थिए, 'फेरि पनि देशको नेतृत्व गर्ने हामीले नै हो, तपाईंहरू निश्चिन्त हुनुहोस्। आगामी महाधिवेशनमा मेरो अन्तिम क्रमभंगता कस्तो हुन्छ, त्यो हेर्नुहोला।'

नेताहरूको यो छटपटी आइतबार काठमाडौंको राष्ट्रिय सभागृहमा झनै प्रस्ट रूपमा देखियो। जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा आयोजित विचार गोष्ठीमा चार पूर्वप्रधानमन्त्रीहरू लामो समयपछि एकै मञ्चमा भेला भए।

पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाल एउटै मञ्चमा देखिएपछि वामपन्थी एकताको बहसले औपचारिक रूप लियो। गोष्ठीमा बोल्दै नेकपा संयोजक दाहालले समय र परिस्थितिअनुसार विचार तथा कार्यदिशा परिवर्तन गर्न सक्नुपर्ने धारणा राखे।

एउटै सोच र अवस्थामै अडिरहनु राजनीतिक रूपमा निष्क्रिय हुनुजस्तै भएको बताउँदै उनले पुरानै राजनीतिक नारामा सीमित रहँदा त्यसले नयाँ गन्तव्य नदिने स्वीकार गरे।

आफूलाई परिवर्तनको बहाव बुझ्ने नेताका रूपमा व्याख्या गर्दै दाहालले सशस्त्र जनयुद्धबाट शान्ति प्रक्रियासम्म पुग्ने राजनीतिक यात्रामा आफ्नो निर्णायक भूमिका रहेको दाबी गरे। परिस्थिति अनुसार आफूलाई परिमार्जन गर्ने क्षमता नदेखाएको भए आफू र आफ्नो राजनीतिक धार अझै पुरानै संरचनामा सीमित रहने उनको भनाइ थियो।

सोही गोष्ठीमा नेकपाका नेता झलनाथ खनालले वर्तमान राजनीतिक परिस्थितिमा कम्युनिस्ट एकताको कुनै विकल्प नरहेको ठोकुवा गरे। लामो समयपछि दुई ठूला वामपन्थी दलका नेताहरू एउटै मञ्चमा उपस्थित हुनुलाई उनले सकारात्मक माने।

खनालले भने, 'देश संकटतर्फ उन्मुख भइरहेको छ। राष्ट्रलाई मुक्त गर्ने जिम्मेवारी देशभक्त र वामपन्थी शक्तिको काँधमा छ। विगतका कमजोरीबाट शिक्षा लिएर राष्ट्रियताको रक्षा र वैज्ञानिक समाजवाद प्राप्तिका लागि सबै वामपन्थी शक्तिबीच एकता आवश्यक छ।'

नेता खनालले वाम एकता भएको भए निर्वाचनको परिणाम भिन्न हुने दाबीसमेत गरे। आफ्नो हारको कुण्ठा पोख्दै उनले भने, 'करिब एक सय सिट वामपन्थीको हुन्थ्यो। आज यो बालेन तानाशाही चल्ने थिएन। देशको परिस्थिति बेग्लै हुन्थ्यो।'

यद्यपि, नेकपाका सहसंयोजक माधव कुमार नेपालले भने भावनात्मक अभिव्यक्तिले मात्रै कम्युनिस्ट एकता सम्भव नहुने भनाइ राखे। उनले कम्युनिस्ट आन्दोलनभित्र देखिएका कमजोरी र विसङ्गतिमाथि आत्मसमीक्षा आवश्यक रहेको बताए।

'विगतका अनुभवबाट सिक्दै सबै कम्युनिस्ट घटकहरूले आफ्ना पार्टीभित्र आत्ममन्थन र आत्मचिन्तन गर्नुपर्छ,' सहसंयोजक नेपालले भने, 'भावनाभन्दा व्यवहार र सोचको एकरूपता आवश्यक हुन्छ। जननेता मदन भण्डारीको भनाइ स्मरण गर्नुपर्छ, केवल कुराले परिवर्तन सम्भव हुँदैन। व्यवहारिक आधार, स्पष्ट दृष्टिकोण तथा साझा सहमतिका आधारमा मात्रै एकता अगाडि बढ्न सक्छ।'

वर्तमान राजनीतिक यथार्थलाई स्वीकार गर्दै व्यापक छलफलमार्फत मिल्न सकिने विषयमा सहमति खोज्नुपर्ने आवश्यकता औंल्याएका उनले तत्कालै कम्युनिस्ट पार्टीहरूबीच एकता हुने सम्भावना भने कमजोर रहेको यथार्थ लुकाएनन्।

कार्यक्रममा नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार र पछिल्ला राजनीतिक घटनाक्रमलाई लोकतन्त्र सिध्याउने प्रतिगामी षड्यन्त्रको रूपमा व्याख्या गरे।

वामपन्थी आन्दोलन र लोकतन्त्र रक्षाका लागि सबै वामपन्थी शक्तिहरू मिल्नैपर्ने बाध्यात्मक अवस्था आएको उनले सुनाए।

अध्यक्ष ओलीले संसद्लाई छलेर भदौ २३ र २४ गते चालिएका कदमहरू लोकतन्त्रमाथिको निर्मम प्रहार भएको बताए। 'अहिले नेपालको वामपन्थी आन्दोलनलाई मात्रै होइन, लोकतन्त्रलाई नै टार्गेट गरेर त्यसलाई सिध्याउने गरी भदौ २३ र २४ को प्रतिगामी षड्यन्त्र भयो। त्यो षड्यन्त्रले वैधानिक सरकारलाई अवैध ढंगले विस्थापन गऱ्यो,' उनले भने, 'यो लोकतन्त्र हुनै सक्दैन। सरकार बनाउने, अपदस्थ गर्ने र फेर्ने सबै काम संसद्ले गर्ने हो। तर बलजफ्ती भंग गरियो। वैधानिक सरकार ढालेर अवैधानिक सरकार गठन गर्न पाइँदैन।'

आफ्नो पार्टी खुम्चिएको यथार्थलाई स्वीकार गर्दै ओलीले एमाले समाप्त नभएको र फेरि उठ्ने दृढता व्यक्त गरे। 'हामीले चुनावमा धक्का खाएका छौं, यो साँचो हो। तर, हामी समाप्त भएका छैनौं। हामी फेरि उठ्ने छौं, प्रतिक्रियावादी शक्तिहरूसँग लड्ने छौं र उनीहरूलाई पराजित गर्ने छौं,' उनले भने।

पुराना दल र नेताहरूलाई बदनाम गराउन नयाँ पपुलिस्ट शक्तिहरूले

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** शिक्षा तथा परीक्षामा अनुकूल परिणाम प्राप्त हुनेछ। आत्मविश्वास र उत्साह बढ्ने संकेत छन्।

**बृष :** बोलचालमा संयमता आवश्यक छ। व्यापार तथा शैक्षिक क्षेत्रमा सुधारको संभावना प्रबल छ।

**मिथुन :** वैदेशिक प्रयत्नमा सफलता मिल्नेछ। तथापि, नजिकका साथीहरूबाट धोका वा निराशा पर्न सक्ने देखिन्छ।

**कर्कट :** आर्थिक र धार्मिक गतिविधिमा उतारचढाव देखिन सक्छ। शिक्षा तथा राजनीतिमा विशेष ध्यान दिनु उपयुक्त हुन्छ।

**सिंह :** परिवारको सहयोग प्राप्त हुनेछ। व्यापारिक क्षेत्र लाभदायक रहनेछ।

**कन्या :** सम्पत्ति आर्जनको अवसर प्राप्त हुनेछ। राजनीतिक क्षेत्रमा तनाव सिर्जना हुन सक्छ।

**तुला :** आर्थिक कठिनाइको सामना गर्नुपरे पनि शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक :** विरोधीहरूको गतिविधि बढ्न सक्छन्, तर धैर्य अपनाउँदा स्थितिलाई नियन्त्रणमा ल्याउन सकिन्छ।

**धनु :** प्रशंसा र सम्मान बढ्नेछ। शैक्षिक अवसरहरू विस्तार हुनेछन्।

**मकर :** ठूलो नाफाको सम्भावना कम भए पनि सामान्य कार्यहरू सहज रूपले अघि बढ्नेछन्।

**कुम्भ :** शिक्षा, स्वास्थ्य र श्रमसम्बन्धी क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुनेछ।

**मीन :** आफन्तको सहयोग प्राप्त हुनेछ। शिक्षा, स्वास्थ्य र राजनीतिक पक्ष स्थिर रहनेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# वर्षापछि मधेशमा किसानलाई रोपाइँको चटारो

**मनसुनी वर्षा भएपछि मधेश प्रदेशका आठै जिल्लाका किसानहरु धान रोपाइँमा व्यस्त भएका छन् भने प्रदेश सरकारले पनि बालीलाई लक्षित गरी रासायनिक मलको कोटा बाँडफाँट गरेको छ ।**

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार १४ गते**



धनुषाको धनुषाधाम नगरपालिका–४ का श्याम यादवलाई यति बेला धान रोपाइँ गर्न चटारो छ। पर्याप्त वर्षापछि उनलाई धमाधम धान रोपाइँको चटारो भएको हो। अघिल्ला वर्षमा थोरै वर्षा हुँदा ढिला गरी धान रोपाइँ गर्दै आएका यादव यस वर्ष समयमै पर्याप्त वर्षा भएपछि धमाधम धान रोपाइँ गर्न व्यस्त भएका हुन्।

"पोहोर–परार साल साउन–भदौ महिनातिर वर्षा भएको थियो, त्यसैले सोचेको जस्तो धान रोपाइँ गर्न सकेका थिएनौँ", यादव भन्छन्, "यस वर्ष असारको पहिलो हप्तादेखि नै पर्याप्त वर्षा भयो, त्यसैले धान रोपाइँ गर्न भ्याइनभ्याइ छ।" हालसम्म करिब तीन बिघा जग्गामा धान रोपाइँ गरिसकेको र अबको केही दिनमै रोपाइँ सकिने उनको भनाइ छ।

यस्तै धनुषाकै सहिद नगरपालिका–६ का रामकिसुन साहलाई पनि रोपाइँ गर्न चटारो छ। अघिल्ला वर्ष वर्षातको अभावमा धेरै जग्गा बाँझो छाडेका साहले यस वर्ष असारको दोस्रो सातामै अधिकांश खेतमा धान रोपाइँ गरिसकेको बताए।

धनुषाका यादव र साह मात्र होइनन्, मधेश प्रदेशका अधिकांश जिल्लाका किसान धान रोपाइँमा व्यस्त छन्। लामो समयसम्म पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भए पनि पछिल्ला दिनमा निरन्तर पानी परेपछि किसान खेतमा व्यस्त भएका हुन्। कतै ब्याड निकालिँदै छ त कतै धान रोप्ने काम भइरहेको छ। असार लागेसँगै मधेश प्रदेशमा धमाधम रोपाइँ भइरहेको छ।

धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सालगायत जिल्लाका किसान रोपाइँमा व्यस्त छन्। मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार असार दोस्रो सातासम्ममा मधेश प्रदेशमा कुल क्षेत्रफलको ४ दशमलव ३६ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको छ।

सबैभन्दा बढी महोत्तरीमा ८ दशमलव १७ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको छ भने सबैभन्दा कम पर्सा र रौतहटमा शून्य प्रतिशत धान रोपाइँ भएको मन्त्रालयले जनाएको छ। जिल्लागत हिसाबले महोत्तरीमा ४० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार २६६ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सूचना अधिकारी अजय ज्ञवालीले जानकारी दिए।

सप्तरीमा ६८ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ४०० हेक्टर, बारामा ४५ हजार १०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार २५० हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ५९ हेक्टर, सिरहामा ५४ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये दुई हजार ७०० हेक्टर र सर्लाहीमा ४२ हजार ६९५ हेक्टर खेतीयोग्य जग्गामध्ये एक हजार ३६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको सूचना अधिकारी ज्ञवालीले बताए।

कृषि प्राविधिकका अनुसार असार महिनाभित्र धान रोपाइँ सम्पन्न गर्न सके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम एकै साथ भइरहेको छ। यस वर्ष किसानले उन्नत जातका धानका बीउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा ध्यान दिएका छन्। यद्यपि केही स्थानमा मलको उपलब्धता र सिँचाइ पूर्वाधार अझै चुनौतीका रूपमा रहेको सप्तरीको बोदे बरसाइनका किसान अजयकुमार यादव बताउँछन्।

धान नेपालको प्रमुख खाद्यान्न बालीमध्ये एक हो। मधेश प्रदेश देशकै प्रमुख धान उत्पादन क्षेत्र भएकाले यहाँको उत्पादनले राष्ट्रिय खाद्य सुरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउने गरेको छ। समयमै पर्याप्त वर्षा भई रोपाइँ सम्पन्न भए उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ। यसैबीच किसान धमाधम रोपाइँमा व्यस्त हुँदा मधेश प्रदेश सरकारले प्रदेशका स्थानीय तहलाई बर्षे धानबालीलाई लक्षित गरी रासायनिक मलको बाँडफाँट गरेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार रासायनिक मल युरिया र डिएपी कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङलाई वितरणका लागि स्थानीय तहअनुसार बाँडफाँट गरिएको

बाँकी पृष्ठ ४

# 'सरकारले नेपाललाई दुई वर्षभित्र सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तर्राष्ट्रिय ग्रे लिस्टबाट हटाउँछ'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार १४ गते**



सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रतिनिधि सभा बैठकबाट पारित भएको छ। अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले पेस गरेको विचार गरियोस् भन्ने प्रस्ताव सदनबाट पारित भएको हो।

मन्त्री डा.वाग्लेले पेस गरेपछि भएको सैद्धान्तिक छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू विश्वराज पोखरेल, विदुषी राणा, पारसमणि गेलाल, डा.कृष्णहरि बुढाथोकी नेपाली कांग्रेसका प्र.डा. चन्द्रमोहन यादव र गीता गुरुङ र श्रम संस्कृति पार्टीबाट आरेन राईले भाग लिएका थिए।

सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा.वाग्लेले नेपाललाई आगामी डेढ देखि दुई वर्षभित्र सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तर्राष्ट्रिय 'ग्रे लिस्ट' (निगरानीको सूची) बाट हटाउने दृढ प्रतिबद्धता व्यक्त गरे।

अर्थमन्त्री डा.वाग्लेले नेपालको अन्तर्राष्ट्रिय छविमा दुई वटा मुख्य 'काला धब्बा' रहेको उल्लेख गरे। पहिलो, युरोपियन युनियनको एभिएसन सेफ्टी लिस्ट (हवाई सुरक्षा सूची) मा नेपाल ब्याकलिस्ट हुनु र दोस्रो, वित्तीय पारदर्शीताका सवालमा नेपाल 'ग्रे लिस्ट' मा पर्नु। 'यी दुवै सूचीबाट मुलुकलाई बाहिर निकाल्नु सरकारको उच्च प्राथमिकता हो। युएई जस्तो साधन स्रोत सम्पन्न मुलुकलाई ग्रे लिस्टबाट निस्कन २ वर्ष लागेको थियो, हामी पनि त्यही समय सीमा भित्र नेपाललाई यो सूचीबाट मुक्त गराउनेछौं' अर्थमन्त्री डा.वाग्लेले भने।

विगतमा ऐनहरू बनाउने तर कार्यान्वयन नगर्ने प्रवृत्तिका कारण नेपाल अन्तर्राष्ट्रिय निगरानीमा परेको स्वीकार गर्दै अर्थमन्त्री वाग्लेले अब सरकार कार्यान्वयनमा खरो उत्रने बताए।

सम्पत्ति शुद्धीकरण ऐनलाई राजनीतिक प्रतिशोध साध्ने माध्यम बनाइने हो कि भन्ने सांसदहरूको आशङ्कालाई सम्बोधन गर्दै डा.वाग्ले यसको प्राविधिक पक्ष स्पष्ट पारे। 'सम्पत्ति शुद्धीकरणको मुद्दा सिधै लाग्दैन, यसका लागि पहिले 'प्रेडिकेट अफेन्स' (सम्बद्ध कसुर) अर्थात् तस्करी वा भ्रष्टाचार जस्ता अपराध प्रमाणित हुनुपर्छ,' वाग्लेले भने, 'प्रमाणविना राजनीतिक प्रतिशोधका लागि यसको प्रयोग हुँदैन। त्यसो गरिएमा हामी ग्रे लिस्टबाट झन् बाहिर निस्कन सक्दैनौं, त्यसैले सरकारले विधि र विधानको बर्खिलाप केही गर्दैन।'

सांसदहरूले उठाएको "शक्तिले मानिसलाई भ्रष्ट तुल्याउँछ" भन्ने भनाइप्रति टिप्पणी गर्दै अर्थमन्त्रीले वर्तमान सरकार चेक एन्ड ब्यालेन्स (शक्ति सन्तुलन) को प्रणालीमा बाँधिएको र कानुनको भावना अनुसार चल्ने बताए। उनले सुशासनका लागि सरकारले चालेका कदमहरूलाई चौमासिक रूपमा समीक्षा गरिने र आगामी दिनमा थप सुधारका लागि ऐन संशोधन गर्न परे पनि पछि नहट्ने बताए।

## वामपन्थी दल: सत्तामा हुँदा फुट ...........

प्रविधिको दुरुपयोग गरिरहेको ओलीको आरोप थियो। उनले एल्गोरिदम र मोबाइल फार्मिङ जस्ता प्रविधिको प्रयोग गरेर युवा तथा बालबालिकामा पुराना दलहरूप्रति घृणा र आक्रोश फैलाइएको दाबी गरे।

'विरोधीहरूले हामीले देश बर्बाद गऱ्यौं भनेर झुटा प्रचार गरिरहेका छन्। तर तथ्यहरूले बोल्छन्, हामीले देश बर्बाद होइन, विकास गरेका हौं,' ओलीले आफ्नो कार्यकालको बचाउ गर्दै भने, 'असाधारण पूर्वाधार विकास र नीतिगत सुधारका काम हामीले नै गरेका हौं।'

जननेता मदन भण्डारीलाई विश्व इतिहासका सिकन्दर र नेपाली साहित्यका मोतीराम भट्टसँग तुलना गर्दै ओलीले सोभियत संघ ढल्दा पनि 'जनताको बहुदलीय जनवाद' (जबज) मार्फत नेपालमा कम्युनिस्ट आन्दोलनलाई जोगाएको स्मरण गरे। अहिलेको कठिन परिस्थितिमा पनि जबजकै मार्गदर्शनमा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गरिछाड्ने उनको दाबी थियो।

सोही कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै पूर्वराष्ट्रपति विद्या भण्डारीले देशमा शासकीय स्वरूप परिवर्तन गर्ने नाममा प्रत्यक्ष कार्यकारी प्रणाली ल्याउन खोज्नु नेपालजस्तो विविधतायुक्त देशका लागि घातक हुने चेतावनी दिइन्।

'संविधान संशोधनको सन्दर्भमा बेला–बेलामा उठ्ने प्रत्यक्ष कार्यकारी शासन प्रणाली हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुकका लागि उपयुक्त हुन सक्दैन भन्ने मेरो विचार छ,' पूर्वराष्ट्रपति भण्डारीले सुनाइन्। उनले संविधान संशोधन आवश्यकता र अनुभवका आधारमा गर्न सकिने भए पनि आवधिक निर्वाचनमार्फत जनमत प्राप्त गर्ने लोकतान्त्रिक प्रणालीमै अडिग रहनुपर्ने बताइन्।

हालैको निर्वाचन परिणामलाई लिएर कम्युनिस्ट आन्दोलनको भविष्य सकियो भनेर हतारमा निष्कर्ष निकाल्न नहुने उनको भनाइ थियो। 'कुनै एउटा निर्वाचनको परिणामका आधारमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता वा कम्युनिस्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्नु उचित हुँदैन,' उनले भनिन्, 'तर निर्वाचन परिणामले कम्युनिस्ट शक्तिहरूका सामु आफ्ना कार्यशैली, प्राथमिकता र जनसम्बन्धलाई अझ प्रभावकारी बनाउने अवसर प्रदान गरेको छ। यसलाई गम्भीरतापूर्वक ग्रहण गर्दै आत्मसमीक्षा गर्न आवश्यक छ।'

मदन भण्डारीको भनाइ उद्धृत गर्दै उनले कम्युनिस्ट आन्दोलनमा सिर्जनशीलता र रचनात्मकताको अभाव देखिएको यथार्थलाई स्वीकार्नुपर्ने बताइन्।

विगतका उपलब्धिलाई मात्र भजाएर नबस्न आग्रह गर्दै उनले युवा पुस्ताका आकांक्षा, डिजिटल युगका चुनौती, गुणस्तरीय शिक्षा, रोजगारी र उत्पादनमुखी अर्थतन्त्रका विषयमा कम्युनिस्ट पार्टीहरूले नयाँ दृष्टिकोणका साथ आफूलाई रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याइन्।

मदन भण्डारी जयन्तीका अवसरमा आइतबार एउटै मञ्चमा उभिएका प्रमुख वाम नेताहरूको अभिव्यक्तिमा एउटा साझा स्वर सुनियो, आत्मसमीक्षा, परिवर्तन र वाम एकता।

सबैको कुरा सुन्दा नेताहरू एक हुनुपर्नेमा पूर्ण सहमत देखिएका छन्। विगत दुई दशकको राजनीतिक इतिहास हेर्दा यिनै नेताहरू पटकपटक सत्ता साझेदार बने, दुई तिहाइको शक्तिशाली सरकार चलाए, र प्रधानमन्त्री बने।

तर विडम्बना, पार्टी विभाजन पनि यिनीहरूले नै गरे। नयाँ पार्टी बनाए, फेरि एक भए, र पुनः फुटे। सत्तामा हुँदा उनीहरूबीच कहिल्यै वैचारिक मतभेद देखिएन, देखियो त केवल कुर्सी र व्यक्तित्वको टकराव। नेतृत्व हस्तान्तरणभन्दा नेतृत्व जोगाउने अस्वस्थ प्रतिस्पर्धा तीव्र बन्यो। परिणामस्वरूप कम्युनिस्ट आन्दोलनभन्दा पनि कम्युनिस्ट दलहरू नै कमजोर बन्दै गए।

नेपालको राजनीतिक इतिहासले पनि देखाउँछ, अधिकांश विभाजन विचारभन्दा नेतृत्वको भागबन्डाबाट भएका छन्। पद बाँडफाँटमा सहमति नजुट्दा पार्टी फुटेका उदाहरण जताततै छन्।

जब आफूसँग दुई तिहाइ जनमत थियो, तब एकले अर्कालाई सडकमा पुऱ्याउन संसद् विघटनदेखि पार्टी विभाजनसम्मका खेल खेलिए। तर जब फागुन २१ को निर्वाचनमा जनसमर्थन गुम्यो, अस्तित्व संकटमा पऱ्यो, र रास्वपा नेतृत्वको सरकारले सुशासनको नाममा पुराना फाइलहरू पल्टाउन थाल्यो, तब त्यही नेतृत्वहरू रातारात एकता र आत्मसमीक्षाको आवश्यकता औंल्याउन थालेका छन्।

जनताले पुराना दलहरूको निर्विवाद वर्चस्व र सिन्डिकेटलाई सीधै चुनौती दिएका छन्। जुन फागुन २१ गतेको निर्वाचनले देखाइसकेको छ। नयाँ राजनीतिक शक्तिको उदय, स्थापित दलहरूको घट्दो जनसमर्थन र युवापुस्ताको असीमित असन्तुष्टिहरु पनि त्यसैका संकेत हुन्।

समय फेरिएको छ। अब जनता केवल ऐतिहासिक आन्दोलनमा जेल बसेको वा योगदान दिएको आधारमा मात्र उनीहरूलाई पत्याउन तयार छैनन्। आम नागरिकले सुशासन, पारदर्शिता, परिणाममुखी नेतृत्व, रोजगारी, चुस्त सेवा प्रवाह र जवाफदेहिता खोजिरहेका छन्।

नयाँ पुस्ताले प्रतिगमन र अग्रगमनका वैचारिक र अमूर्त नाराभन्दा दैनिक जीवनमा देखिने कार्यसम्पादनलाई बढी महत्त्व दिन थालेको छ। आत्मसमीक्षा केवल भाषण र गोष्ठीमा सीमित रह्यो, नेतृत्व हस्तान्तरण महाधिवेशनको सर्तका रूपमा टरिरह्यो, र सत्ता प्राप्तिको पुरानै राजनीतिक संस्कार दोहोरियो भने जनताले दिएको सन्देश फेरि पनि बेवास्ता भएको ठहरिनेछ।

नेपाली राजनीतिलाई आवश्यक परेको कुरा केवल सत्ता जोगाउने वाम एकता वा मोर्चाबन्दी होइन, राजनीतिक संस्कृतिको पूर्ण रूपान्तरण हो। जनताले पुराना नेताहरूलाई दिएको सन्देश सत्ता पुनः प्राप्त गर्ने अवसरभन्दा बढी आफूलाई बदल्ने अवसर हो।

## बिमा लेख हरायो

मिति २०८२/०९/२१ मेरो निम्न ब्होरा भएको सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्सबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : रामकुमार यादव
पोलिसी नं.: २०३०००००६०१
मो.नं. : ९८६३९६६५३९

## सिरहाका पत्रकारलाई आचारसंहिता ...........

अनुभव र धारणा आदानप्रदान गरेका थिए। कार्यक्रमका वक्ताहरूले सूचना प्रविधिको तीव्र विकाससँगै बढ्दो भ्रामक सूचना, अपुष्ट सामग्री र सामाजिक सञ्जालको चुनौतीका बीच पत्रकारहरूले आचारसंहिता, तथ्यपरकता र व्यावसायिक मर्यादालाई अझ मजबुत रूपमा आत्मसात गर्नुपर्नेमा जोड दिएका थिए।

सहभागीहरूले यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता पनि औंल्याएका थिए।

## जानकी प्लास्टिक उद्योगमा छापा ............

पाठकले भने।

उनले आइतबार पनि प्रहरी टोली उद्योगमा पुगेर पुनः तलासी तथा आवश्यक प्रमाण संकलन गरेको बताए। उद्योगसँग निकट स्रोतहरूले भने प्रहरीको छापा परेपछि उद्योग परिसरमा रहेका ठूलो परिमाणका पाइप शनिबार राति नै अन्यत्र सारिएको दाबी गरेका छन्।

यसैबीच जानकी प्लास्टिक उद्योगकी सञ्चालिका अनिता अग्रवाल परिवारसहित सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। उपरीक्षक पाठकका अनुसार उनीहरू शनिबारदेखि नै फरार रहेका छन्। प्रहरी स्रोतका अनुसार अनिता अग्रवालको नाममा नेपालका विभिन्न स्थानमा जग्गाजमिन, उद्योग तथा अन्य व्यवसायसमेत रहेका छन्।

मार्वल टेक्नो प्लास्टका मार्केटिङ म्यानेजर सुदीप न्यौपानेले सिरहाको गोलबजार क्षेत्रमा तीन वर्षदेखि कम्पनीको नाम र लोगो दुरुपयोग गर्दै नक्कली पाइप बिक्री भइरहेको बताए। उनका अनुसार बजार अनुगमनका क्रममा उपभोक्ताले आफूहरूले मार्वलकै पाइप प्रयोग गरिरहेको बताए पनि कम्पनीको आधिकारिक बिक्री अभिलेखमा त्यस क्षेत्रका लागि कुनै आपूर्ति नभेटिएपछि शंका उत्पन्न भएको थियो। त्यसको सोधखोज गर्दा कम्पनीकै नाम र लोगो प्रयोग गरिएका पाइप बजारमा बिक्री भइरहेको फेला परेको उनले दाबी गरे।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

# सशस्त्र प्रहरीद्वारा २३ लाख बराबरका भन्सार छलीका सामग्री बरामद



**अपन दैनिक संवाददाता**
**पर्सा, असार १४ गते**

सशस्त्र प्रहरी बलले पर्साका विभिन्न सीमा नाकाबाट भन्सार छली गरी ओसारपसार हुँदै गरेका २३ लाख ९ हजार ३०५ रुपैयाँ बराबरका सामान तथा ती सामान ढुवानीमा प्रयोग भएका सवारी साधन बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण मुख्यालय पर्साका अनुसार आइतबार वीरगञ्ज महानगरपालिका-१६ इनरुवा सीमा क्षेत्रमा सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले भन्सार छली गरी भारतबाट ल्याई सिरसिया नदी किनारको झाडीमा लुकाएर राखिएको ७ लाख ७२ हजार बराबरका विभिन्न प्रकारका कपडा बरामद गरेको हो। बरामद सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ।

आइतबार नै इनरुवा र कोनिया नाकामा खटिएको टोलीले भारतबाट नेपालतर्फ ल्याउँदै तथा नेपालबाट भारततर्फ लैजाँदै गरेको ४ लाख ५२ हजार ९०५ रुपैयाँ बराबरका किराना सामग्री, कस्मेटिक, मदिरा, तरकारी र स्याउ बरामद गरेको जनाएको छ। उक्त सामान ओसारपसारमा प्रयोग भएका १ वटा ई-रिक्सा र १ वटा साइकलसमेत नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाएको सशस्त्र प्रहरीले जनाएको छ।


शनिबार पनि वीरगञ्ज महानगरपालिका-१६, १७ र २१ अन्तर्गत इनरुवा, कोनिया, परवानीपुर तथा अलौ क्षेत्रमा सञ्चालन गरिएको निगरानीका क्रममा १० लाख ८४ हजार ४ सय रुपैयाँ बराबरका कपडा, मोबाइल टेम्पर्ड ग्लास, किराना सामान, फलफूललगायतका सामग्री बरामद गरिएको थियो। ती सामान ओसारपसारमा प्रयोग भएका १ वटा टेम्पो, १ वटा मोटरसाइकल र ३ वटा साइकलसमेत नियन्त्रणमा लिई आइतबार भन्सार कार्यालयमा बुझाइएको छ।

सशस्त्र प्रहरी बल नम्बर १३ गण पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले सीमा क्षेत्रमा भन्सार छली तथा अवैध ओसारपसार नियन्त्रणका लागि निगरानी र चेकजाँचलाई थप कडाइ गरिएको बताए।

उनले यस्ता गतिविधिविरुद्ध अभियान निरन्तर जारी रहने पनि जानकारी दिए।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, सिरहा

# मनसुन सक्रिय हुँदै, १६ र १७ गते मुसलधारे वर्षाको सम्भावना



**अपन दैनिक संवाददाता**
**सिरहा, असार १४ गते**

मुलुकमा मनसुन क्रमशः सक्रिय हुँदै गएको जनाउँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले आगामी असार १६ र १७ गते देशका अधिकांश भागमा मुसलधारे वर्षा हुने बताएको छ।

महाशाखाले आइतबार साँझ विशेष मौसम बुलेटिन जारी गर्दै मधेस, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा तथा एकदुई स्थानमा धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ।

देशका पहाडी तथा तराई क्षेत्रका धेरै र हिमाली क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ। महाशाखाका अनुसार बङ्गालको खाडीमा विकसित न्यून चापीय प्रणालीका कारण नेपालतर्फ जलवाष्पयुक्त हावाको प्रवाह क्रमशः बढ्ने भएकाले मनसुन देशका बाँकी क्षेत्रमा पनि फैलिने सम्भावना छ।

सम्भावित वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्र्यान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपास निर्माण तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरेको छ।

## संघीयता कार्यान्वयन : उद्योग दर्ता र नवीकरण ............

लगानीका उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि मधेश प्रदेश सरकारले उद्योग दर्ता, नवीकरण, नियमनलगायत सेवा अघि बढाएको हो।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट स्पष्ट रूपमा गरेको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्डभित्रका उद्योगको प्रशासनिक जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्था गरेको थियो।

तर कानुनी व्यवस्था भए पनि त्यसको कार्यान्वयन सात वर्षभन्दा बढी समयसम्म हुन नसक्दा उद्योगी-व्यवसायी सामान्य प्रशासनिक कामका लागि काठमाडौंस्थित उद्योग विभाग धाउन बाध्य थिए। यसले सेवा प्रवाहमा ढिलाइ, अतिरिक्त खर्च र प्रशासनिक जटिलता सिर्जना गरेको थियो।

उद्योग विभागबाट मधेश प्रदेशअन्तर्गत रहेका १८८ उद्योगका अभिलेख प्रदेश सरकारलाई हस्तान्तरण भएसँगै अब ती उद्योगसम्बन्धी सेवा प्रदेशबाटै सञ्चालन हुने मधेश प्रदेश सरकारअन्तर्गत उद्योग विभाग वीरगञ्जका निमित्त निर्देशक रीना साहले जानकारी दिइन्।

'उद्योगका फाइलहरू विभागमा हस्तान्तरण भइसकेको छ,' निमित्त निर्देशक साहले भनिन्, 'संघीय सरकारको उद्योग विभागबाट प्रदेश मन्त्रालयमार्फत हस्तान्तरण भएका उद्योगको फाइलहरू हामीले अध्ययन गरिरहेका छौं, अध्ययन गरेर सेवा प्रवाहलाई अघि बढाउने तयारीमा जुटेका छौं।'

पहिलो चरणमा कार्यालयबाट दर्ता, नवीकरण, लगत कट्टालगायतको काम सुरु गर्छौं र त्यसपछि अनलाइन प्रणालीबाट पनि सेवा प्रवाह गर्ने निमित्त निर्देशक साहको भनाइ छ।

प्रदेश सरकारको पहुँच बढेसँगै उद्योग दर्ता, नवीकरण तथा नियमनका प्रक्रिया थप छरितो र सहज हुने अपेक्षा गरिएको छ। यसबाट सेवा प्रवाहलाई नागरिकको नजिक पुर्‍याउने संघीय शासनको मूल मर्मलाई व्यवहारमा उतार्ने विश्वास गरिएको छ।

संघीय शासन व्यवस्थाको उद्देश्य केवल राजनीतिक अधिकार बाँडफाँट गर्नुमात्र नभई विकास र सेवा प्रवाहलाई विकेन्द्रीकरण गर्नुभएकाले प्रदेशबाट उद्योग दर्ता, नवीकरण लगायतका सेवा सुरु गर्न लागिएको मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले बताए।

नागरिकले आफ्नो प्रदेशमै आवश्यक सेवा पाउने व्यवस्था हुँदा प्रशासनिक दक्षता बढ्नुका साथै सरकारप्रतिको विश्वाससमेत मजबुत हुने उनले बताए।

यसबाट प्रदेश सरकारलाई आर्थिक विकासको नेतृत्व गर्ने अवसर प्रदान गरेको छ। उद्योग प्रशासन आफ्नै मातहत आएपछि प्रदेशले उद्योगमैत्री नीति कार्यान्वयन, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनाका कार्यक्रमलाई स्थानीय आवश्यकताअनुसार अघि बढाउन सक्ने सचिव घिमिरेको भनाइ छ।

यद्यपि अधिकार हस्तान्तरणसँगै प्रदेश सरकारको जिम्मेवारी बढेको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति, सूचना प्रविधिमा आधारित प्रशासन, पारदर्शी कार्यप्रणाली र उत्तरदायी संस्थागत संयन्त्र निर्माण आवश्यक हुन्छ।

## वर्षापछि मधेशमा किसानलाई रोपाइँको ..............

हो। प्रदेशका आठवटै जिल्लाका १३६ वटै स्थानीय तहका लागि सात हजार ३२८ मेट्रिकटन युरिया र छ हजार ६१० मेट्रिकटन डिएपी मल बाँडफाँड गरिएको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले बताए।

उनका अनुसार सप्तरीका स्थानीय तहका लागि ९७५ मेट्रिकटन युरिया र एक हजार ३५ मेट्रिकटन डिएपी, सिरहाका लागि एक हजार ७२ मेट्रिकटन युरिया र एक हजार १३७ मेट्रिकटन डिएपी, धनुषाका लागि ९२६ मेट्रिकटन युरिया र ७७८ मेट्रिकटन डिएपी तथा महोत्तरीका लागि ८८० मेट्रिकटन युरिया र ७४० मेट्रिकटन डिएपी छुट्याइएको छ।

सर्लाहीका लागि एक हजार ९३ मेट्रिकटन युरिया र ९१९ मेट्रिकटन डिएपी, रौतहटका लागि ८७५ मेट्रिकटन युरिया र ७३६ मेट्रिकटन डिएपी, बाराका लागि ८१९ मेट्रिकटन युरिया र ६८९ मेट्रिकटन डिएपी र पर्साका लागि छ हजार ६८७ मेट्रिकटन युरिया र ५७८ मेट्रिकटन डिएपी बाँडफाँड गरिएको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले जानकारी दिए।

## मधेश प्रदेशका अधिकांश पालिका समयमै बजेट ..............

नगरपालिका, रौतहटका गरुडा, गढीमाई, कटहरिया र फतुवा विजयपुर नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, सिरहाको सुखीपुर नगरपालिका तथा महोत्तरीको जलेश्वर नगरपालिका रहेका छन्। त्यसैगरी, गाउँपालिकातर्फ पर्साको छिपहरमाई र धोविनी गाउँपालिकाले पनि समयमै बजेट ल्याउन सकेका छैनन्।

पालिकाहरूका अनुसार बजेट ल्याउन नसक्नुमा फरकफरक कारणहरू छन्। मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकामा नगर प्रमुख मनोजकुमार साहको अनुपस्थिति, प्रमुख प्रशासकीय अधिकृत लामो समयदेखि कार्यालयमा नियमित नरहनु तथा बजेटको आन्तरिक तयारी पूरा हुन नसक्दा नगरसभा बस्न सकेको छैन।

त्यसैगरी, कमला नगरपालिकामा जनप्रतिनिधिबीचको विवादले बजेट प्रक्रिया अवरुद्ध बनाएको छ भने विदेह नगरपालिकामा अघिल्लो आर्थिक वर्षको लेखा फछ्र्यौट नटुंगिँदा नगरसभा आयोजना गर्न नसकिएको जनाइएको छ।

महोत्तरीको जलेश्वर नगरपालिकामा बजेट बाँडफाँटको विषयमा विवाद चर्किएपछि कार्यालयमा तालाबन्दी समेत भएको थियो। त्यसपछि नगरसभा प्रभावित भई बजेट प्रस्तुत हुन सकेन। पर्साका छिपहरमाई र धोविनी गाउँपालिकामा पनि जनप्रतिनिधिबीचको विवादले गाउँसभा बस्न नसक्दा बजेट प्रक्रिया रोकिएको छ।

स्थानीय तहमा बजेट समयमै पारित नहुँदा विकास आयोजना, पूर्वाधार निर्माण, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य तथा अन्य नियमित कार्यक्रम प्रभावित हुने जोखिम बढेको छ। बजेट ढिला हुँदा योजना कार्यान्वयन, ठेक्का प्रक्रिया, वित्तीय अनुशासन तथा सेवा प्रवाहमा समेत असर पर्ने भएकाले यसको प्रत्यक्ष प्रभाव स्थानीय नागरिकमाथि पर्ने देखिन्छ।

गत वर्षको तुलनामा देशभर समयमै बजेट ल्याउने स्थानीय तहको संख्या बढे पनि मधेश प्रदेशका धेरै पालिकामा दोहोरिँदै आएको राजनीतिक विवाद, प्रशासनिक नेतृत्वको अभाव, बजेट बाँडफाँटमा सहमति नजुट्नु तथा आन्तरिक तयारी कमजोर रहनुले प्रदेशको स्थानीय शासन प्रणालीमाथि प्रश्न उठाएको छ। कानुनले तोकेको समयसीमा पालना गर्न नसक्नु केवल प्रक्रियागत कमजोरी मात्र नभई सुशासन, जवाफदेहिता र विकास व्यवस्थापनमा देखिएको चुनौतीको संकेतका रूपमा पनि हेरिएको छ।




योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

❍ योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं।
❍ योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं।
❍ स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं।
❍ निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं।
❍ २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिवद्धताः
प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड